जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २२८ २०७८ साल बैशाख १ गते बुधबार (14 Apr. 2021 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**


- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : जुडशीतल पर्व ... ३ पृष्ठमा : एक महिनासम्म अनलाइन ... ३ पृष्ठमा : भारतद्वारा रुसी खोप ...

# सप्तरीमा दुई जनामा कोरोना संक्रमणको पुष्टि



**दैनिक समाचारदाता**
**राजबिराज, ३१ चैत ।**

सप्तरी जिल्लामा मंगलबार दुई जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । एक साताअघि कोरोना संक्रमण दर शुन्यमा झरेको जिल्लामा एकै दिन चार जनाको स्वाब परिक्षण पश्चात् दुई जना संक्रमित भएपछि स्थानिय त्रसित भएका छन् ।

राजविराज नगरपालिका २ का ५८ वर्षिय पुरुष तथा रुपनी गाउँपालिका ५ की ३६ वर्षिया महिलामा संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

पछिल्लो पटक संक्रमण पुष्टि भएका मध्ये एक जना स्वास्थ्यकर्मीका आफन्त तथा अर्का सरकारी कर्मचारी हुन् । दुवै जनालाई अहिले होम आइसोलेशनमा राखिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

गजेन्द्र नारायण सिंह अस्पतालस्थित पिसिआर प्रयोगशालामा चार जनाको परिक्षण गरिएकोमा दुई जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

पछिल्लो पटक पिसिआर परिक्षण गरिएका चारै जना स्वेक्षाले जचाउन आएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ड डा. रन्जित झाले बताए ।

दुई जनामा कोरोना संक्रमण पुष्टि हुनु चिन्ताको विषय भएको भन्दै स्वास्थ्य कार्यालयका प्रमुख यादवले अब कसैले पनि लापरवाही गर्नु नहुने तथा संक्रमण फैलिन नदिन सबैले सरकारले तोकेको स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्नुपर्ने आग्रह गरे ।

सप्तरीमा हालसम्म कोरोनाबाट ज्यान गुमाउनेको संख्या ४१ रहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# भैसीले घिसार्दा बृद्धाको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, ३१ चैत ।**

सप्तरीमा आफैले पालेको भैंसीले घिसार्दा एक बृद्धाको ज्यान गएको छ । जिल्लाको बलान बिहुल गाउँपालिका ३ मौवहा निवासी ७० वर्षिया जयावत्ति देवी मण्डलको भैंसीले घिसार्दा ज्यान गएको हो ।

प्रहरीका अनुसार सोमबार साँझ भैंसीको डाम्लो पक्रेर खेतबाट घरतर्फ ल्याउने क्रममा भैसी भाग्न थालेपछि डाम्लो हातमै अल्झिएका कारण महिलालाई घिसारिएकी थिइन् ।


हात, छाती र टाउकोमा गम्भिर चोट लागेर सिकिस्त भएकी उनलाई उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरी नायब उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए ।

मृतकको शवको मंगलबार लहानस्थित एक अस्पतालमा पोष्टमार्टम गरि आफन्तलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हार्दिक शुभकामना

नव वर्ष २०७८ को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजविराज दैनिक
परिवार




## हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष एवं
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि. राजविराज ८, परिवार

## सम्पादकीय

# नयाँ वर्षमा कोरोनासँग मनोवल उच्च राखेर लडौं

समयचक्र सँगै आजदेखि पुनः हामी नयाँ बर्षमा प्रवेश गरेका छौं । बिक्रम सम्वत् २०७८ आज प्रवेश गरिसकेको छ । गत वर्ष कोरोना महामारीका कारण नयाँ वर्ष खल्लो भएको थियो । यद्दपी यस वर्षको सुरुवात सँगै कोरोना पुनः नयाँ रुपका साथ देखिएको छ ।

गत वर्ष यस माहामारीले सम्पूर्ण विश्वलाई नै स्तब्ध बनाएको थियो भने अहिले पनि माहामारीका कारण अधिकांश मुलुक त्यसको चपेटमा परेको अवस्था छ । यसको असर हाम्रो मुलुक नेपालमा पनि पुनः पर्दै गएको छ । ६ महिनादेखी कोरोना माहामारीका कारण मुलुक केही शान्त रहेको थियो भने माहामारीले नयाँ रुप लिएपछि अहिले पुनः विश्वसहित नेपाली जनता पनि त्रासमा रहेका छन् ।

तसर्थ यस वर्ष नयाँ वर्षमा सबैले सावधानी अपनाउनु अति नै आवश्यक छ । कोरोनासँग लड्न उच्च मनोबलका साथ सबैले स्वास्थ्य मापदण्ड अपनाउनु जरुरी रहेको छ । अन्तमा नव बर्ष २०७८ ले मुलुकको राजनीतिक अवस्थामा स्थिरता तथा स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पारोस् भन्ने शुभकामनासहित सम्पूर्ण पाठक, बिज्ञापनदाता, शुभचिन्तक, जिल्लाबासी एवं देशबासीमा सुस्वास्थ्य, दिर्घायु, सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# जुडशीतल पर्व मनाइँदै

महोत्तरी, ३१ चैत (रासस) ।

मिथिलाञ्चलमा जुडशीतल पर्व मनाइँदै छ । मिथिलाञ्चलमा यस पर्वलाई विशिष्ट कृषि सांस्कृतिक पर्व मानिएको छ । प्रकृति र स्वास्थ्यसँग सम्बन्धित यस पर्वलाई मिथिलाञ्चलमा नयाँ वर्षका रूपमा मनाइन्छ भने थारू समुदायले यसलाई सिरुवा पर्व भनी मनाउने गर्दछन् । दुवै पर्वको उद्देश्य सूर्यको तापबाट आकुलव्याकुल मानवलाई शीतलता प्रदान गर्नु रहेको छ ।

चैत अन्त्यसँगै शुरु हुने जुडशीतल पर्वको तयारीले मैथिल (मिथिलाका बासिन्दा) व्यस्त भएका छन् । प्रत्येक नयाँ वर्ष ( वैशाख सङ्क्रान्ति) मा मनाइने पर्वको तयारी चैत मसान्तसँगै मिथिलामा देखिएको हो । उल्लास र सहकालको प्रतीक मानिने यो पर्वको तयारीमा महोत्तरीसहितका प्रदेश-२ का मिथिला क्षेत्रमा जताततै बजारु चहलपहल ह्वात्तै बढेको छ ।

बढ्दो गर्मी र लगातार बड्दो तातो हावाबीच शुरु हुने विक्रम सम्वत् परम्पराको नयाँ वर्षको प्रारम्भमा 'जुडशीतल' मनाइने मैथिल परम्परा छ । नयाँ वर्षमा जीवनमा शीतलताको कामना गर्दै मनाइने यो पर्वका खाद्य परिकार पनि गर्मी समन गर्ने मान्यताभित्र खाइन्छन् । वैशाख सङ्क्रान्ति अर्थात नयाँ वर्ष प्रारम्भ भएकै दिन जुडशीतल पर्व शुरु हुन्छ ।

पहिलो दिन (वैशाख सङ्क्रान्ति) चना (बदाम), जौं, मकै, कागुनो, गहुँ, चामल र मुगसहित सातथरी खाद्यान्नको सातु र माटोको अङ्खरामा सखरको सर्वत बनाएर कूलदेवतालाई चढाएपछि कूलपुरोहित, ब्राह्मण र साधुहरुलाई दान गरिन्छ । बढ्दो गर्मीमा शरीरमा शीतलता दिने चना, मुँग र जौका परिकार यस पर्वमा विशेष मानिन्छन् ।

पहिलो दिन सातु र सर्वत् दान दिएर यिनै परिकार खाइने विधिलाई मिथिलामा 'सतुवाइन' भन्ने गरिएको छ । दोस्रो दिन ( वैशाख-२ गते) घरपरिवारका श्रेष्ठ जनले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घजीवनको आशिर्वाद दिँदै यो पर्व सम्पन्न गरिन्छ ।

पर्वको दोस्रो दिन अर्थात वैशाख-२ गते घरघरमा परिवारका श्रेष्ठजनले आफूभन्दा सानालाई शिरमा जल सिञ्चित गर्दै आरोग्यता, शीतलता र दीर्घजीवनको आशिर्वाद दिन्छन् । नयाँ वर्षले जीवनमा शीतलता प्रदान गर्न सकोस् भन्ने पर्वको मुख्य सन्देश रहेको मिथिला संस्कृति र परम्पराका ज्ञाताहरुको भनाइ छ ।

यसै सन्देशको पृष्ठभूमिमा गर्मी मौसमको यस पर्वमा चना (बदाम) को सातु, दाल, सोहिजन (मुन्गा) को तरकारी, बदामको पिठोबाट बनाइएको बरी र दही मथेर करी (कढी) पकाएर खाइने परम्परा रहेको महोत्तरीको मटिहानीस्थित याज्ञबल्क्य लक्ष्मीनारायण संस्कृत क्याम्पस ( विद्यापिठ) का उपप्राध्यापक ध्रुव राय बताउनुहुन्छ ।

सहकालको प्रतीक मानिने यस पर्वमा वर्षभरि अनुकूल वर्षाको कामना गर्दै मैथिल (मिथिलावासी) साथीसँगीबीच धुलो माटो र हिलो छ्यापाछ्याप गर्छन् । जुडशीतल पर्वमा आफ्ना खेतबारीका रुख बिरुवामा पानी सिञ्चित गरेर कहिल्यै पनि आवश्यक चिस्यानको कमी नहोस्भन्ने कामना गरिन्छ ।

मिथिलामा सबै जाती समुदायले मनाउने यो पर्वको आपसी सद्भाव, हेलमेल र सहकार्य मुख्य सन्देश रहेको छ । खासमा यो पर्व कृषिसँग सम्बन्धित रहेको पाका मैथिल बताउँछन् । बढ्दो गर्मीबीच 'शीतल' जोड्न गरिने कामना पर्वको मुख्य ध्येय भएको हुँदा यो पर्वलाई 'जुडशीतल' भनिएको मैथिल परम्परा र संस्कृतिका जानकार तथा साहित्य साधक महोत्तरीकै जलेश्वर-६ बखरीका बासिन्दा नेपाल सरकारका अवकास प्राप्त उपसचिव महेश्वर राय बताउनुहुन्छ ।

पर्वमा सहकाल (अनुकूल वर्षा र मौसम, अनिकाल व्याधिको प्रकोप नहुने) को कामना गरिने हुँदा यसको मुख्य सन्देश कृषिसँग सम्बन्धित रहेको रायको भनाइ छ । पर्वका लागि सामानको जोहो गर्नेको भिडले सबैजसो बजार भरिभराउ छन् । बजारमा तरुवा खाइने काँचो केरा, पर्व विशेषको खास तरकारी मुन्गा र जौको सातु तथा दलहनको वेसन (पिठो) को खुबै बिक्री बढेको व्यापारीले बताएका छन् । त्यसैगरी दही पनि पर्वको खास परिकार भएको हुँदा आम मैथिल मंगलबारै दूधको जोहोमा लागेका छन् ।

# रमजान पर्व आजदेखि शुरु

विराटनगर, ३१ चैत (रासस) ।

इस्लाम धर्मावलम्बीहरुको महान पर्व रमजान आजदेखी शुरु भएको छ । नयाँ वर्षसँगै रोजा पर्व शुरु हुनु सम्भवतः यो पहिलो भएको बुढापाकाहरु बताउँछन् ।

यो पर्वमा एक महिनाभर मुस्लिम समुदायले बिहान सूर्योदय हुनुअघिदेखि सूर्यास्त नभएसम्म पानीसमेत खाँदैनन् । उर्दू क्यालेण्डर अनुसार बुधबार बिहान ४ः १५ बजेबाट बेलुका ६ः२० बजे सम्म निराहार बस्नुलाई रोजा भनिन्छ । रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समय तालिका पनि परिवर्तन भइरहन्छ ।

रोजा बस्न बिहान तोकिएको समय अगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन् । रमजान उर्दू क्यालेण्डर अनुसार हिजरी सम्बत् १४४२ हो भने रमजान महिना नवौँ महिना हो । रमजान महिनामा नै मुसलमानको सबै भन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिएको छ ।

दान दिनु गरीब र दीनदुःखीलाई सेवा गर्नु, जकात निकाल्नु यो महिनाको ठूलो विशेषता हो । रमजानान व्रत बस्न मंगलबार साँझ मुसलमानहरुले चन्द्रमा हेर्न आकाशतिर दृष्यावलोकन गर्ने र चन्द्रमा हेरेर औंधी रमाउने प्रचलन छ । सुनसरी चाँदबेलाका मोहम्मद इनुसले रमजान महिना हाम्रो लागि निकै महत्वपूर्ण एवं पवित्र हो र यसमा मुसलमानका पाँच आधार स्तम्भमा हज बाहेक सबै स्तम्भ पूरा हुने गर्दछ ।

शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्छ । कुलतमा लागेका मानिस एक महिना इमान्दारीपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खा आदि पदार्थ खाने बानीमा परिवर्तन आउन सकिने सुनसरी सोनापुरका हाजी मोहम्मद अब्दुलको भनाइ छ ।

व्रतका बेला मुस्लिम समुदायले मस्जिदमा गई कुरानको केही भागका रुपमा नमाज पढ्ने गर्छैन् । एक महिनापछि व्रत समापनका अवसरमा पनि सामाजिक दूरी कायम गरेर इदुल फित्र मनाइने तयारी भइरहेको बताइएको छ । त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमान रोजा बस्नुलाई गर्व मान्दछ । नाबालक, बिरामी, घातक रोग लागेका र गर्भवती महिलालाई रोजा बस्न अनिवार्य छैन् ।

देशभरका मुस्लिम समुदायले भक्तिको महिनाका रुपमा मनाउने भएकाले यसबाट पाप नाश हुने धार्मिक विश्वास रहेको छ । वर्षमा कुनै त्रुटि भएको भए यसै अवसरमा अल्लाहसँग क्षमायाचना गर्ने मुस्लिम समुदायको परम्परा छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569





# एक महिनासम्म अनलाइन कक्षा सञ्चालन गर्ने सरकारको तयारी

काठमाडौँ, ३१ चैत (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को सङ्क्रमण बढ्न थालेपछि काठमाडौँलगायत देशका ठूला शहरी क्षेत्रका विद्यालय एक महिना बन्द गर्ने तयारीमा सरकार रहेको बताउनुभएको छ। स्वास्थ्य पत्रकार मञ्च, नेपालले मंगलबार यहाँ आयोजना गरेको साक्षात्कार कार्यक्रममा उहाँले नयाँ खालको भाइरस बढ्दै गएपछि एक महिनासम्म अनलाइन कक्षा सञ्चालन गर्नेबारे मन्त्रिपरिषद् बैठक र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)मा समेत छलफल गरिएको जानकारी दिनुभयो

"शहरी क्षेत्रमा कम्तीमा एक महिनासम्म अनलाइन कक्षा सञ्चालन गर्ने कि भन्ने तयारी छ", उहाँले भन्नुभयो, "अनलाइनबाट कक्षा सञ्चालन गर्दा सात-आठ लाख विद्यार्थी घरमै रहेर पढ्ने र त्यसले २० प्रतिशत आवतजावतमा कमि आउने देखिएको छ।"मन्त्री त्रिपाठीले अहिलेको नयाँ भाइरस (भेरियन्ट) युवा र बालबालिकामा पनि देखिएकाले डर लाग्दो रहेको बताउनुभयो। "१८ वर्षभन्दा मुनिका बालबालिकाका लागि खोप विकास भएको छैन", उहाँले भन्नुभयो, "अहिले देखिने भाइरस बालबालिकामा पनि सर्ने भएको र उनीहरुलाई खोपसमेत लगाउन नमिल्ने भएकाले सङ्क्रमण दर फैलिन सक्ने सम्भावनालाई ध्यानमा राखेर अनलाइन कक्षा सञ्चालन गर्नुपरेको छ।"

**बर्स्६ लाख पुग्ने प्रक्षेपण**

मन्त्री त्रिपाठीले अहिलेको अवस्थामा सङ्क्रमण बढ्दै गए असारको अन्तिमसम्म छ लाख सङ्क्रमित पुग्ने प्रक्षेपण गरिएको जानकारी दिनुभयो। "अहिले सङ्क्रमण बढिरहेको अवस्थामा दैनिक ११ हजार र असारसम्म छ लाख सङ्क्रमित पुग्ने प्रक्षेपण गरिएको छ" उहाँले भन्नुभयो।

उहाँले सङ्क्रमण बढ्न नदिनका लागि सीमा नाकाबाट आउनेको परीक्षण गर्ने र सङ्क्रमण देखिएपछि आइसोलेशन सेन्टरमा राखिने बताउनुभयो। उहाँले नेपाल भारतको मुख्य सीमा नाकामा एक हजार अट्ने खालको होल्डिङ सेन्टर राख्ने निर्माण गर्ने कार्य भइरहेको जानकारी दिनुभयो। उहाँले बन्दाबन्दी अवस्था आउनुभन्दा अगाडि नै रोकथाम र नियन्त्रण गरिने गरी तयारी गरिएको बताउनुभयो। "गत वर्षदेखिको अनुभव र भौतिक पूर्वाधारको तयारीले हामी बन्दाबन्दीमा नगइकन रोकथाम र नियन्त्रण गर्न सक्षम छौं" उहाँले भन्नुभयो, "मुलुकलाई बन्दाबन्दीसम्म पुग्न दिदैनौं।"

मन्त्री त्रिपाठीले सङ्क्रमणको दर बढ्दै गएकाले काठमाडौं उपत्यकामा रहेका अस्पताललाई तयारी अवस्थामा राख्न निर्देशन दिइएको जानकारी दिँदै पहिलेको भाइरसले एक जनाबाट ६ जनामा सङ्क्रमण सारे पनि अहिलेको नयाँ भाइरसले एक जनाबाट ४० जनामा सङ्क्रमण सार्न सक्ने बताउनुभयो। उहाँले अर्थतन्त्रभन्दा जनताको जीवन ठूलो भएकाले सरकारले जनताको जीवनलाई महत्वपूर्ण मानेर रोकथाम र नियन्त्रण गरिने बताउनुभयो।

**भारतमा सङ्क्रमण बढेकाले खोप आउन ढिलाइ**

मन्त्री त्रिपाठीले भारतमा सङ्क्रमण ह्वात्तै बढेकाले कोभिड-१९ को खोप आउन ढिलाइ भएको जानकारी दिनुभयो। "खोप उत्पादक कम्पनीको स्थानीय एजेन्टले बिना लगानी १० प्रतिशत कमिशन मागेपछि २५ दिन ढिला भयो", उहाँले भन्नुभयो, "तर सम्झौता हुने बेला भारतमा सङ्क्रमण बढेपछि त्यहाँका सरकारले आयात रोकिएका कारण नेपालमा खोप आउन सकेन।" उहाँले चाँडै नै १० लाख मात्रा खोप ल्याउने जानकारी पनि दिनुभयो।

# महिलाहरू अगरबत्ति ब्यवसायतर्फ अग्रसर बन्दै

**दैनिक समाचारदाता**
**राजबिराज, ३१ चैत।**

घरायसी काम र चुलोचौकामा मात्र सीमित भएका महिलाहरू पछिल्लो समय सानोतिनो व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्न अग्रसर बनेका छन।

राजबिराजमा विभिन्न पेशा व्यवसायमा आवद्ध भएसंगै स्वरोजगार बन्न थालेका महिलाहरूलाई अहिले अगरबति तालिमबाट प्रेरित भई स्वरोजगार बन्न आत्मबिश्वास बढेको छ।

घरायसी काम मात्रै समय खर्चिदै आएका महिलाहरू पछिल्लो समय विभिन्न व्यवसायमार्फत आर्थिक उपार्जनमा जोड्दै आम्दानी गर्ने तर्फ अग्रसर भएका छन्।

राजबिराज नगरपालिकाको सहयोगमा तथा हाम्रो नेपाल सहयोगी संस्थाद्वारा आयोजना गरिएको अगरबति तालिमले महिलाहरू अगरवती ब्यवसाय गर्न होसिएका हुन।



अगरबत्ती बनाउँदा प्रयोग हुने सिन्का चिर्ने, बेल्ने मेसिन र कबर खोल छपाई गर्न स्थानीय सरकारले सहयोग गरेमा छोटो समयमा कम लगानीमा धेरै उत्पादन गर्न सकिने र सस्तो पनि पर्ने र आफुहरूको व्यवसाय गर्न सहज हुने सहभागी सीता देबी साहले बताउछन्।

यता राजबिराज वडा ४ का वडा अध्यक्ष मोहम्मद अख्तरले अगरबत्ति ब्यवसाय गर्नका लागि १० लाख रकम छुटयाउने प्रतिबद्धता गरे। उनले महिलालाई आत्मनिर्भर बनाई स्वरोजगार बनाउनका लागि महिलाहरूले अगरबत्ति ब्यवसाय गर्नका लागि समुह बनाएर ब्यवसाय संचालन गर्न अनुरोध पनि गरे।

मंगलवार तीन दिने अगरबत्ति तालिमको समापन्न कार्यक्रममा राजबिराज नगरपालिका वडा ४ का अध्यक्ष मोहम्मद अख्तर, नेपाल पत्रकार महासँघ सहसचिव चन्दनकुमार यादब, राजबिराज नगरपालिका योजना अधिकृत मनोज यादब, हाम्रो नेपाल संस्थाका अध्यक्ष बब्लु मिया, प्रशिक्षक मनोज यादब, जयन्तीईन्द्रा कन्या माबि बिद्यालयका संचालक संजय शुक्ला, वडा कार्यालय सहयोगी प्रकाश चौधरी, तालिमका सहायक प्रशिक्षक नगमा शेख, हाम्रो संस्थाका संतोष दास, लगायतले महिलाहरुलाई स्वरोजगार बनाउन तालिमले सहयोग पुर्‍याउने बताए। उक्त तालिममा राजबिराज वडा ४ का ३० जना महिलाहरूको सहभागिता रहेको थियो।

# कल्याणपुर नगरपालिकामा तालाबन्दी

लहान, ३१ चैत (रासस)।

व्यापक अनियमिमता भएको भन्दै वडाध्यक्ष तथा कार्यपालिका सदस्यले सिरहाको कल्याणपुर नगरपालिकामा तालाबन्दी गरेका छन्। नगरपालिकाका कार्यबाहक नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको मिलेमतोमा व्यापक अनियमिता भएको भन्दै वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरुले नगरपालिकामा तालाबन्दी गरेका हुन्।

नगरसभाले पारित गरेको योजनासमेत कार्यपालिका बैठकबिनै आफ्नै मनोमानी तरिकाले परिवर्तन गरी कार्यबाहक नगरप्रमुख रोहिणीकुमारी यादव र प्रमुख प्रशासकीय अधिकृत जयप्रसाद दासको मिलेमतोमा व्यापक अनियमितता भएकाले तालाबन्दी गरिएको वडाध्यक्षले बताएका छन्।

कल्याणपुर नगरपालिकाका नौ जना वडाध्यक्ष तथा आठ जना कार्यपालिका सदस्यले सामूहिक रुपमा ११ सुत्रीय माग अघि सार्दै नगरपालिकामा तालाबन्दी गरेको वडा नं ५ का वडाध्यक्ष दीपेन्द्र यादवले जानकारी दिनुभयो। चालू आर्थिक वर्षमा हालसम्म सामाजिक सुरक्षा, बालपोषण लगायतको भुक्तानी गर्न

*बाँकी अन्तिम पृष्ठमा*


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### भारतद्वारा रुसी खोप "स्पुतनिक भी" लाई अनुमति

नयाँदिल्ली, ३१ चैत (रासस-एएफपी)।

भारतले कोभिड-१९ विरुद्धको रुसी खोप स्पुतनिक भी लाई आपतकालीन प्रयोगका लागि अनुमति दिएको छ। कोभिड सङ्क्रमितको संख्या तिब्र गतिमा बढेसँगै भारतले खोप अभियानलाई गति दिन रुसी खोपलाई अनुमति दिएको खोप उत्पादक कम्पनीले जनाएको छ।

भारतमा रुसी खोप उत्पादन र वितरणको जिम्मेवारी लिएको डा रेड्डीज ल्याबोरेटोरिजका सहअध्यक्ष एवं व्यवस्थापन निर्देशक जी.भी. प्रसादले जारी गर्नु भएको विज्ञप्तिमा भारतमा स्पुतनिक भी खोपलाई आपतकालीन प्रयोगका लागि अनुमति प्राप्त गरेकामा निकै खुशी लागेको उल्लेख छ।

भारतमा हाल सेरम इन्स्टिच्यूटले उत्पादन गरेको अस्ट्राजेनिकाको कोभिसिल्ड र भारत बायोटेकको कोरोनाभ्याकलाई अनुमति दिइएको छ। भारतमा हाल दैनिक कोभिड सङ्क्रमितको संख्या एक लाख बढी छ। रसियन डाइरेक्ट इन्भेस्टमेन्ट फन्ड (आरडिआइएफ) को आर्थिक सहयोगमा विकास गरिएको स्पुतनिक भी लाई भारतमा उत्पादन अनुमति दिइएको छ। भारतमा यो खोप ८५ करोड २० लाख डोज उत्पादन हुनेछ।

आरडिआइएफका प्रमुख कार्यकारी किरिल डिभिट्रिभले पनि एक विज्ञप्ति प्रकाशन गरी स्पुतनिक खोपलाई भारतमा अनुमति प्राप्त हुनु ज्यादै खुशीको कुरा हो भन्नुभएको छ। भारतमा हालसम्म करिब एक करोड ८ लाख मानिसलाई खोप दिइसकिएको छ। भारत विश्वकै ठूलो खोप उत्पादक राष्ट्र हो।

जुलाईको अन्त्यसम्ममा करिब ३० करोड मानिसलाई खोप दिइसक्ने भारतको महत्वाकाँक्षी योजना छ। तर खोपको कमीले भारतका केही राज्यमा समस्या उत्पन्न भएको छ। भारतले हाल खोप निर्यातमा ढिलाई गरेर आफ्नै देशमा खोप वितरणलाई तिब्रता दिएको छ।

### खाद्य बजारमा जीवित जङ्गली जीवजन्तुको बेचबिखन रोक्न डब्लुएचओको आग्रह

जेनेभा, ३१ चैत (रासस-एएफपी)।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले नयाँ नयाँ किसिमका रोगहरुको उत्पत्ति रोक्न खाद्य बजारमा जीवित जङ्गली जीवजन्तुको बेचबिखन रोक्न मङ्गलबार आग्रह गरेको छ।डब्लुएचओले ठूलो जनसंख्यालाई खाद्य तथा जीविकोपार्जन जुटाउन परम्परागत बजारले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको भएपनि जीवित जङ्गली जीवजन्तुको बेचबिखन रोक्न सकिए बजारमा काम गर्ने कामदार र ग्राहकको स्वास्थ्य सुरक्षित तुल्याउन सघाउने बताएको छ।

चीनको उहानमा भेटिएका कोभिड-१९ संक्रमितहरुको सम्बन्ध स्थानीय परम्परागत खाद्य बजारसँग देखिएको भन्दै डब्लुएचओले शुरुआती दिनमा भेटिएका संक्रमितहरु खाद्य स्टलका मालिकहरु, बजारका कामदारहरु वा बजारमा नियमित आउजाउ गर्नेहरु नै रहेको जनाएको छ।

यो अन्तरिम निर्देशिका विश्व जीव स्वास्थ्य संगठन (ओआइइ) र राष्ट्रसंघीय वातावरण कार्यक्रम (युनेप) को सहकार्यमा निर्माण गरिएको हो। डब्लुएचओले जीवित जङ्गली स्तनधारी जीवजन्तुहरु खाद्य बजारमा ल्याएर बेचबिखन गर्नु वा राख्नु निकै हानिकारक हुने जनाएको छ। जीवित स्तनपायी जनावरलाई खाद्य बजारहरु खासगरी माछामासुको किनबेच हुने बजारमा नराख्न सदस्य मुलुकलाई आग्रह गरिएको डब्लुएचओले बताएको छ।

डब्लुएचओले भनेको छ, "जनावरहरु, खासगरी जङ्गली जनावरहरु, ले मानिसमा देखा पर्ने नयाँ संक्रामक रोगहरु ल्याउन ७० प्रतिशतभन्दा बढी भूमिका खेल्ने गरेका छन्। जङ्गली जनावरहरु नयाँ किसिमका रोगहरुका मुख्य स्रोत नै हुन्।"डब्लुएचओले पर्याप्त जोखिम मूल्याङ्कन नगरी यस्ता जङ्गली स्तनपायी जनावर काटमार नगर्न, अन्य खाद्य पसलमा नराख्न र यस्ता जोखिमयुक्त बजारहरु तत्काल बन्द गराउन पनि सरकारहरुसँग आग्रह गरेको छ।

### चीनको आयात, निर्यात बढ्यो

बेइजिङ, ३१ चैत (रासस-एएफपी)।

चीनको आयात र निर्यात दुबै गत मार्च महिनामा वृद्धि भएको छ। मङ्गलबार सार्वजनिक विवरणमा अमेरिकापछि विश्वकै दोस्रो ठूलो अर्थतन्त्र भएको चीनले कोभिड-१९ लाई नियन्त्रणमा लिएसँगै अर्थतन्त्रमा निरन्तर सुधार आएको देखिएको छ।

पछिल्ला दिनहरुमा मुख्य विदेशी बजारहरुमा चिनियाँ सामानको माग बढेको चिनियाँ अधिकारीहरुले बताएका छन्। कोरोनाभाइरस विरुद्धको खोपको प्रभाव र कोभिड विरुद्धका प्रतिबन्धहरु खुकुलो बनाएसँगै चिनियाँ अर्थतन्त्रमा सकारात्मक प्रभाव देखिएको र आगामी केही महिना यही स्थिति रहने चीनको भनाई छ।

चीनको आयातमा पूर्वानुमान गरेझैं अघिल्लो वर्षको तुलनामा ३८.१ प्रतिशतले वृद्धि भएको छ। यसै वर्षको जनवरी र फेब्रुअरीमा २२.२ प्रतिशतले आयातमा वृद्धि भएकामा गत मार्च महिनामा सन् २०१७ फेब्रुअरी यताकै यो सबैभन्दा ठूलो वृद्धि हो। निर्यातमा पनि ३०.६ प्रतिशतले वृद्धि भएको छ र यो सन् २०१८ यताकै सबैभन्दा बढी हो। यद्यपी ब्लुमबर्गले चीनको निर्यात ३८ प्रतिशतले वृद्धि हुने पूर्वानुमान गरेको थियो।

चिनियाँ भन्सार प्रशासनको तथ्याँकमा चीनको समग्र व्यापार बचत १३.८ अर्ब डलर रहेको उल्लेख छ। संयुक्तराज्य अमेरिकासँगको व्यापार बचत पनि अघिल्लो वर्षको तुलनामा ४० प्रतिशतले वृद्धि भई २१.४ अर्ब डलर पुगेको छ।

# प्रदेश २ मा ५६ जना कोरोना संक्रमित, तीनको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, ३१ चैत ।**

प्रदेश २ मा पछिल्लो २४ घण्टामा ५६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने तीन जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बाराको जितपुर सिमरा उपमहानगरपालिका ९ बस्ने ३७ बर्षीय पुरुष, पर्साको बीरगंज महानगरपालिका ३ बस्ने ६२ बर्षीय पुरुष र पर्साकै कालिकामाई गाउँपालिका २ बस्ने ५५ बर्षीय पुरुष छन् ।

बाराका ३७ बर्षीय पुरुष र बीरगंजका ६२ बर्षीय पुरुषको नारायणी अस्पताल बीरगंजमा उपचारका क्रममा र कालिकामाई २ का ५५ बर्षीय पुरुषको भरतपुर अस्पताल चितवनमा उपचारका क्रममा मृत्यु भएको छ । योसँगै प्रदेशमा कोरोना संक्रमण पुष्टि भएर मृत्यु हुनेको संख्या २ सय १२ पुगेको छ ।

यसअघि प्रदेशको बिभिन्न ठाउँमा रहेको कोरोना प्रयोगशालामा १ सय २५ जनाको परीक्षण गर्दा ५६ जना संक्रमित देखिएका छन् ।

प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधाममा २६ वटा परीक्षण गर्दा १२ जना संक्रमित देखिका छन् । गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा ४ जनाको परीक्षण गर्दा २ र नारायणी अस्पताल बीरगंजमा ९५ जनाको परीक्षण गर्दा ४० जना संक्रमित देखिएका छन् ।

पछिल्लो २४ घण्टामा सबैभन्दा बढी पर्साका ३८ जनामा कोरोना संक्रमण देखिएको छ । संक्रमित हुने १ जना बहादुरमाई नगरपालिकाका हुन् भने बाँकी सबै बीरगंज महानगरपालिकाका हुन् ।

यस्तै, सिरहामा ७ जना, धनुषा र बारामा ४/४ जना, सप्तरीमा २ जना र महोत्तरीमा एक जना संक्रमित देखिएका छन् । योसँगै हालसम्म प्रदेशमा संक्रमित हुनेको संख्या १७ हजार ४ सय ३ पुगेको छ ।

# कुटपिट अंगभंग मुद्दामा फरार प्रतिवादी १५ वर्षपछि पक्राउ




**दैनिक समाचारदाता**
**राजबिराज, ३१ चैत ।**

कुटपिट अंगभंग मुद्दाका एक फरार प्रतिवादी १५ वर्षपछि सोमबार साँझ पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका २ भुतही निवासी रामबिलास यादव छन् ।

घरमै लुकिबसेको अवस्थामा उनलाई सोमबार राती पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

सोही वडा निवासी प्रह्लाद साहको २०६२ असार १३ गतेको जाहेरीले कुटपिट अंगभंग मुद्दा चलाइएका यादवलाई सप्तरी जिल्ला अदालतले २ वर्ष कैद सजाय तथा ५ हजार जरिवानाको फैसला गरेको थियो ।

फैसला लगत्तै फरार भएका उनलाई अघिल्लो दिन पक्राउ गरि अदालतमा उपस्थित गराउँदा फैसला कार्यान्वयन गर्ने आदेशानुसार मंगलबार कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ट्याक्टरको ठक्करबाट मोटरसाइकलमा सवार दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ३१ चैत ।**

सर्लाहीको बागमती नगरपालिका ८ गाजली चोकमा मंगलबार ट्याक्टरले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ज.१त १५७४ नम्बरको ट्याक्टरले बीआर३०एम ३४५२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

उक्त दुर्घटनामा मोटरसाइकल चालक बरहथवा नगरपालिका वडा नम्बर १५ पिप्राभित्ताका ५० बर्षीय भिखारी साह तथा पछाडि सबार भारतीय नागरिक ४२ बर्षीय प्रकाश सहनीको मृत्यु भएको सर्लाही प्रहरीका प्रबक्ता मदन कुँवरले जानकारी दिए ।

उनका अनुसार ठक्करले गम्भीर घाइते भएका दुबैलाई उपचारका लागि जिल्ला अस्पताल मलगंवा लग्ने क्रममा बाटोमै मृत्यु भएको छ ।

ठक्कर दिने ट्याक्टरलाई नियन्त्रणमा लिइएको छ भने फरार भएका त्यसका चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# कोरोना माहामारीबाट मुक्ति र विश्व शान्तिका लागि कलश यात्रा




**दैनिक समाचारदाता**
**राजबिराज, ३१ चैत ।**

कोरोना महामारीबाट मुक्ति, विश्व शान्ति र मानव कल्याणको प्रार्थना गर्दै मंगलबार राजविराजमा कलश यात्रासहित शक्तिपीठहरुमा पूजापाठ गरिएको छ ।

राजविराजस्थित श्री श्री १०८ बजरंगबली मन्दिर समितिको अगुवाइमा सो कलश यात्रासहित शक्तिपीठहरुमा पूजापाठको आयोजना गरिएको हो ।

सयौं महिला/पुरुष सहभागितामा गाजाबाजा र कलश यात्रासहित निस्केको भक्तजनहरु नगरक्षेत्र परिक्रममा पश्चात् शक्तिपीठहरुमा पुगि कोरोना महामारीबाट मुक्ति, विश्व शान्ति र मानव कल्याणको प्रार्थना गर्दै सविधि पूजापाठ गरिएको कलश यात्रामा सहभागि उर्मिला मुखियाले बताइन् ।

## *कल्याणपुर ...*

नसकेकाले आफूलाई स्थानीयवासीले पटकपटक वडा कार्यालयमा गई विभिन्न किसिमको आरोप लगाइने गरेको र आफूहरुलाई वडा कार्यालय सञ्चालन गर्न समेत कठिनाई भइरहकाले बाध्य भएर तालाबन्दी गर्नु परेको कल्याणपुर नगरपालिका- १ वडाध्यक्ष जयराम कामतीले बताउनुभयो ।

कार्यबाहक नगरप्रमुख यादव र प्रमुख प्रशासकीय अधिकृत दासको मिलोमतोमा कार्यपालिकालाई जानकारी नदिई विभिन्न योजना कमिसनको खेलमा आसेपासेलाई जिम्मा दिई आफूखुशी सञ्चालन गरेको वडा नं ५ का वडाध्यक्ष दीपेन्द्र यादवको आरेप छ ।


## हार्दिक शुभकामना

नव वर्ष २०७८ को सुखद अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक तथा जिल्लावासीमा सुख, शान्ति, दिर्घायु, सु-स्वास्थ्य एवं प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बौकु साह**
प्रिन्सिपल
**श्री मनोकामना सेकेन्ड्री स्कूल**
राजविराज ६, फोन नं. ०३१-५२२३६८

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज, परिवार**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७८ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
**नेपाल सहकारी संस्था लि.**
**राजविराज, परिवार**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer (प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*